नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग

# जिल्ला हुलाक कार्यालय पाँचथर

फिदिम

हुलाक संकेत नं. ५७४००

प.स. २०८२।०८३
च.न.

मिति :वि.सं.२०८२।११।०८
ने.सं. ११४६ चिल्लाथ्व तृतीया - ३

## निर्वाचन आचारसंहिता सम्बन्धी विषयमा उजुरी दर्ता गर्न सक्ने व्यवस्था सम्बन्धी सूचना !

प्रस्तुत विषयमा विज्ञापन बोर्डको प.सं. ०८२/८३, च.नं. ३४३, मिति २०८२/११/०४ गतेको पत्रानुसार यही फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा राजनीतिक दल, दलका उम्मेदवार तथा अन्य उम्मेदवारले गरेका प्रचारप्रसार, प्रचार सामग्री तथा आम सञ्चारमाध्यम र सामाजिक सञ्जाल समेतमा प्रकाशन/प्रसारण गरिने विज्ञापन निर्वाचन आचारसंहिता, २०८२, विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ बमोजिम भए/नभएको सम्बन्धमा अनुगमन हुने भएकोले उक्त कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा अनुगमन प्रयोजनार्थ तपसिल बमोजिमका कार्य भए/गरेको कोही कसैले कतै पाएमा प्रमाण (फोटो, लिंक वा अन्य) सहित जिल्ला हुलाक कार्यालयमा समेत उजुरी दर्ता गर्न सकिने व्यवस्था रहेकोले यस सम्बन्धमा सरोकारवाला सबैको जानकारी तथा आवश्यक सहयोगका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. निर्वाचनमा सहभागी राजनीतिक दल, दलका उम्मेदवार तथा अन्य उम्मेदवारले प्रयोग गरेका प्रचार सामग्री तथा विभिन्न सञ्चारमाध्यम, होर्डिङ बोर्ड, पम्प्लेट, पोष्टर, भित्तेलेखन, अनलाईन तथा विद्युतीय सञ्चारमाध्यम र सामाजिक सञ्जाल समेतबाट गरिएको विज्ञापन प्रचारप्रसारको क्रममा निर्वाचन आचारसंहिता, २०८२ मा भएको व्यवस्था पालना नगरेकोमा।

२. आम नागरिकलाई प्रचारप्रसारका क्रममा भ्रमपूर्ण झुटा र अरू नराम्रो र आफु मात्र राम्रो वा अन्य दल नराम्रो आफ्नो दल मात्र राम्रो भन्ने खालका विज्ञापन तथा सूचना प्रचार प्रसार गरेकोमा ।

उजुरी वा जानकारीका लागिः

कार्यालय प्रमुखः ९८५२६६६३६३

सूचना अधिकारीः ९८५२६८२१३०

इमेलः panchthar@nepalpost.gov.np

सम्पर्क नं. ०२४५२२५०४

..................
(दुर्ग सम्बाहाम्फे)
नि.हु.अ.